# क्याम्पस प्रमुख नेत्रप्रसाद न्यौपानेबाट विश्वशान्ति चिरन मिलन क्याम्पसको क्याम्पससभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन २०८१/२०८२

**रिपोर्ट निर्माण समूह**

१. नेत्रप्रसाद न्यौपाने (क्याम्पस प्रमुख)
२. सत्यराज जोशी (संयोजक अनुसन्धान व्यवस्थापन विभाग
३. सञ्जीव मिश्र (कार्यक्रम संयोजक)
४. तिलकबहादुर कार्की (संयोजक ICT)

**क्याम्पस सञ्चालक समितिबाट पारित मिति २०८२/६/२९**

## १. सारांश

विश्वशान्ति तिरन मिलन क्याम्पसद्वारा शैक्षिक सत्र २०८१/२०८२ को वार्षिक प्रगतिप्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनको मुख्य उद्देश्य क्याम्पसले एक वर्षभरिमा गरेका शैक्षिक, प्रशासनिक, सहशैक्षिक, भौतिक तथा वित्तीय गतिविधिहरूको व्यवस्थित विवरण प्रस्तुत गर्नु हो । यसले क्याम्पसको समग्र प्रगति, उपलब्धिहरू, समस्याहरू र भविष्यका योजनाहरूबारे जानकारी गराउँछ । यो प्रतिवेदन क्याम्पस प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय समुदाय तथा शिक्षासम्बन्धी निकायहरूलाई क्याम्पसको कार्यप्रणाली र प्रगतिबारे अवगत गराउने एक महत्त्वपूर्ण दस्तावेज हो ।

यस प्रतिवेदनको पहिलो उद्देश्य भनेको शैक्षिक उपलब्धिहरूको मूल्याङ्कन गर्नु हो । तहअनुसार विद्यार्थीहरूको शैक्षिक प्रदर्शन, परीक्षाको नतिजा, विषयगत उत्कृष्टता, शिक्षण विधिमा गरिएका नवीनतम प्रयोगहरू र शिक्षकहरूको प्रशिक्षणजन्य प्रगतिलाई यसमा समावेश गरिएको छ ।
दोस्रो उद्देश्य भनेको विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा केन्द्रित गतिविधिहरूको विश्लेषण हो, जसमा खेलकुद, सांस्कृतिक कार्यक्रम, प्रतियोगिता, सेवा कार्य र नेतृत्व विकासका कार्यक्रमहरू समावेश छन् ।

यसको तेस्रो उद्देश्य भौतिक पूर्वाधार तथा सुविधाहरूको विस्तार र सुधारको अद्यावधिक जानकारी दिनु हो । नयाँ भवन, प्रयोगशाला, पुस्तकालय, कम्प्युटरल्याब जस्ता सुविधाहरूको विकास, मरम्मतकार्य र आवश्यकताको आँकलन यस प्रतिवेदनको महत्त्वपूर्ण पक्ष हो ।

चौथो उद्देश्य भनेको वित्तीय व्यवस्थापनको पारदर्शिता कायम गर्नु हो, जसमा आय-व्ययको विवरण, बजेट व्यवस्थापन, अनुदान र दानको उपयोगिता जस्ता विषयहरू समेटिएका छन् ।

पाँचौं उद्देश्यका रूपमा प्रत्यायन प्रक्रियाको समयमै सफलता हासिल गर्ने र क्याम्पसको शैक्षिक तथा प्रशासनिक प्रणालीलाई अन्तर्राष्ट्रिय मानकअनुरूप ढाल्ने उद्देश्य रहेको छ। यसबाट क्याम्पसको शैक्षिक अनुसन्धान, शिक्षण विधि र पूर्वाधार विकासमा गुणात्मक सुधार ल्याउनु यसको उद्देश्य हो ।

छैटौं उद्देश्य भनेको डिजिटल परिवर्तन (Digitalization) कार्यक्रममा छनोट हासिल गरी पठनपाठनमा प्रविधि प्रणाली अवलम्बन गर्दै इलर्निङ प्लेटफर्म, डाटा म्यानेजमेन्ट सिस्टम, अनलाइन प्रशासनिक सेवालाई लगातार अगाडि बढाउनु हो ।

सातौं उद्देश्यका रूपमा इ-लाइबेरी व्यवस्थापन (E-library) र अन्य पूर्वाधार विकासका कार्यक्रम स्थानीय तथा प्रदेश सरकारको सहयोगमा सम्पन्न हुने तयारी छ । यसले विद्यार्थीहरूको अनुसन्धान र शैक्षिक स्रोतमा पहुँचलाई सुगम बनाउने छ ।

क्याम्पसले यस वर्ष अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरी शैक्षिक विनिमय र ग्लोबल नेटवर्किङलाई बढावा दिएको छ । यसलाई प्रतिवर्ष सञ्चालन गर्दै लैजाने उद्देश्यका साथै विज्ञसमीक्षित अनुसन्धानमूलक जर्नल प्रकाशन गरेर अनुसन्धान संस्कृतिलाई प्रोत्साहन गर्नु क्याम्पसको आठौं उद्देश्य हो ।

अन्तिम उद्देश्य भनेको समस्याहरू र चुनौतीहरूलाई चिनाएर भविष्यका लागि योजना बनाउनु हो । शिक्षण विधि, विद्याथी उपस्थिति, स्रोत सामग्रीको अभाव, वित्तीय चुनौती जस्ता विषयहरूमा समाधानका उपाय सुझाव सहित प्रस्तुत गरिएको छ । यसरी यो प्रतिवेदन केवल अघिल्लो वर्षको प्रगतिको बारेमा जानकारी गराउनु मात्र होइन, भविष्यको योजना निर्माणमा पनि मार्गदर्शन गर्ने एक सन्दर्भ सामग्री हो । यसले क्याम्पसको दक्षता, पारदर्शिता र उत्तरदायित्वलाई प्रतिबिम्बित गर्दै शिक्षा क्षेत्रमा गुणस्तरीय योगदान दिने प्रतिबद्धतालाई पुष्टि गर्छ । मूलतः गुणस्तर सुनिश्चितता प्रत्यायन प्राप्त गरी क्याम्पसलाई गुणस्तरयुक्त प्रमाणित गराउनु पनि यसको अन्तिम उद्देश्य हो ।

क्याम्पसको वार्षिक प्रगति, चुनौतीहरू र भविष्यका योजनाहरू संक्षिप्त रूपमा प्रस्तुत गर्नु, हितधारकहरू ( UGC, विश्वविद्यालय, सरकार, विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक, सञ्चालक समिति, पूर्वविद्यार्थी) लाई क्याम्पसको गतिविधि र उपलब्धिबारे जानकारी दिनु साथै गुणस्तर उन्नयन, अनुसन्धान र डिजिटल परिवर्तनमा गरेको प्रयासलाई प्रमाणित गर्नु, एवं क्याम्पसको पारदर्शिता, जवाफदेहिता र निरन्तर विकासको प्रतिविम्बका रूपमा यो प्रतिवेदन प्रस्तुत भएको छ ।

## २. क्याम्पसको संक्षिप्त परिचय

बागमती प्रदेशको राजधानी काठमाडौँ महानगरपालिकाको वडा नं. ३, बाँसबारी, महाराजगञ्ज क्षेत्रमा अवस्थित विश्वशान्ति चिरन मिलन क्याम्पस नेपालको उच्च शिक्षा क्षेत्रमा एक विशिष्ट स्थान राख्दै आएको छ । २०४८ सालमा स्थापना भएको यो गैरमुनाफामूलक सामुदायिक शैक्षिक संस्थाले तीन दशकभन्दा बढीको अवधिमा स्थानीय समुदायको सक्रिय सहभागितामा उच्च शिक्षाको प्रकाश फैलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । सुरुवाती चरणमा २०५० सालदेखि बाँसबारी माध्यमिक विद्यालय परिसरभित्र लगभग २० वर्षसम्म सञ्चालित भएपछि २०७२ सालमा स्थानीय तह कामपा वडा नं. ३ र समुदायको संयुक्त पहलमा आफ्नै भवन निर्माण गरी स्वतन्त्र रूपमा शिक्षण कार्य सञ्चालन गर्न सफल भएको यो क्याम्पसले सामुदायिक शिक्षण संस्थाको रूपमा आफ्नो पहिचान कायम गरेको छ ।

यस क्याम्पसको स्थापना र विकासक्रममा स्थानीय समुदायको योगदानलाई अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । क्याम्पसका लागि जग्गा उपलब्ध गराउनुका साथै यस क्षेत्रसम्म आवतजावत गर्ने बाटो निर्माणमा स्थानीय बासिन्दाहरूले गरेको सहयोग यस संस्थाको इतिहासको स्वर्णिम अध्याय हो । यसले गर्दा काठमाडौँ उपत्यकामा बसोबास गर्ने विद्याथीहरू मात्र होइन, उपत्यका बाहिरबाट आएर उच्चशिक्षा हासिल गर्न चाहने विद्याथीहरूका लागि पनि यो क्याम्पस न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने विकल्प बनेको छ । यसरी सामुदायिक पहल र सहयोगमा आधारित यो संस्था शिक्षाको सर्वसुलभताको मिसाल बनेको छ ।

गुणस्तरीय शिक्षा प्रदान गर्न भौतिक संरचनाको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई ध्यानमा राख्दै क्याम्पसले २०६३ सालमा महायज्ञ आयोजना गरी निजी भवन निर्माणका लागि अनुदान सङ्कलन गरेको थियो । विभिन्न दातृ संस्था, विश्वविद्यालय अनुदान आयोग र शिक्षाप्रेमी व्यक्तिहरूको सहयोगमा क्याम्पसका भौतिक संरचनाहरू निर्माण भए तापनि हालसम्म निर्माण भएका संरचनाहरू समयानुकूल र Quality Assurance and

Accreditation (QAA) प्रक्रियाका लागि पर्याप्त नभएको अवस्था छ। तथापि क्याम्पस प्रशासनले भौतिक संरचनाको विकासलाई निरन्तरता दिँदै आएको छ। विश्वविद्यालय अनुदान आयोगको सहयोगमा पुस्तकालय, कम्प्युटर, फर्निचर जस्ता आवश्यक सुविधाहरूको व्यवस्था गरिएको छ जसले गर्दा विद्यार्थीहरूलाई अध्ययनको उचित वातावरण प्राप्त हुन सकेको छ।

हाल यस क्याम्पसमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातक तहका मानविकी तथा व्यवस्थापन सङ्कायका कक्षाहरू सञ्चालित छन् भने ११ र १२ कक्षाका पाठ्यक्रमहरू पनि प्रभावकारी ढङ्गले सञ्चालन गरिएको छ। यसले गर्दा विद्यार्थीहरूले एकै ठाउँमा उच्च माध्यमिक र स्नातक तहको शिक्षा प्राप्त गर्ने सुविधा पाएका छन्। क्याम्पसको दूरदृष्टि एक मानित विश्वविद्यालयको रूपमा स्थापित हुने रहेको छ भने यसको मूल धेय भनेको कुशल नेतृत्व, व्यवस्थापन र सञ्चालन गर्न सक्षम, प्राविधिक, सिपमूलक र स्वरोजगारी जनशक्ति तयार पारी राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने देशभक्त, नैतिकतायुक्त र सकारात्मक सोच भएका नागरिकहरू उत्पादन गर्नु रहेको छ।

यस क्याम्पसको प्रमुख लक्ष्य सबै नागरिकहरूलाई उच्चशिक्षाको पहुँचमा पुऱ्याउनु, शैक्षिक, प्राविधिक र व्यावहारिक क्षेत्रमा कार्यकुशलताको विकास गराउँदै उत्कृष्टता हासिल गर्न सक्षम बनाउनु र सम्बन्धित क्षेत्रहरूमा विविध प्रवाह प्रदान गर्नु रहेको छ। यस लक्ष्यलाई प्राप्त गर्न क्याम्पसले गुणस्तरीय शिक्षण, अनुसन्धान र समाज सेवालाई प्राथमिकता दिँदै आएको छ। विद्यार्थीहरूको बौद्धिक विकासका साथै नैतिक मुल्यमान्यताको पनि समान रूपमा विकास गर्न यस संस्थाले विशेष जोड दिएको छ।

भविष्यमा यस क्याम्पसले आफ्नो भौतिक संरचनाको विस्तार गर्ने, अत्याधुनिक प्रविधिको प्रयोग गर्ने र अन्तर्राष्ट्रिय स्तरको शैक्षिक गुणस्तर कायम गर्ने योजना बनाएको छ। यसका लागि विदेशी विश्वविद्यालयहरूसँग साझेदारी गरी विद्यार्थी विनिमय कार्यक्रम सञ्चालन गर्ने, अनुसन्धानमूलक शिक्षण प्रणाली विकास गर्ने लगायतका कार्यक्रमहरू लागु गर्ने योजना रहेको छ। यसरी विश्वशान्ति चिरन मिलन क्याम्पसले सामुदायिक पहलमा स्थापित भएर पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रदान गर्ने आफ्नो भूमिका निर्वाह गर्दै गरेको छ र आगामी दिनहरूमा यसले नेपालको उच्चशिक्षा क्षेत्रमा ठुलो योगदान दिने अपेक्षा गरिएको छ।

## ३. शैक्षिक प्रगति

### ३.१ विश्वशान्ति चिरन मिलन क्याम्पसको शैक्षिक प्रगति : उत्कृष्टताको यात्रा

विश्वशान्ति चिरन मिलन क्याम्पसले तीन दशकभन्दा बढीको अवधिमा शैक्षिक क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ । यसले शैक्षिक गुणस्तर, नतिजा, पाठ्यक्रम विविधता र शिक्षकहरूको क्षमता अभिवृद्धिमा समान जोड दिएको छ । क्याम्पसको शैक्षिक यात्रालाई विद्यार्थी संख्या, परीक्षा परिणाम, नयाँ पाठ्यक्रम सुरुवात र शिक्षक विकासका आधारमा विश्लेषण गर्दा यसको प्रगतिको स्पष्ट तस्बिर उभिन्छ ।

विद्यार्थी संख्यामा उल्लेख्य प्रगति नभए पनि सुरुवाती वर्षहरूमा सीमित संख्यामा विद्यार्थी पठनपाठन गर्दै आएको यस क्याम्पसले हाल स्नातक तहका मानविकी र व्यवस्थापन सङ्कायका विद्यार्थीहरूको संख्या न्यून रूपमा भए पनि बढेको छ । यसले गर्दा क्याम्पसको शैक्षिक प्रभाव र प्रतिष्ठा कायम रहन सफल भएको छ । विद्यार्थीहरूको उपस्थिति मात्र होइन, तिनको शैक्षिक नतिजा पनि उत्साहजनक छ । त्रिभुवन विश्वविद्यालयको वार्षिक परीक्षामा क्याम्पसका विद्यार्थीहरूले प्राप्त गरेको उच्च उत्तीर्ण प्रतिशतले यसको शिक्षण पद्धतिको प्रभावकारिता प्रमाणित गर्दछ ।

पाठ्यक्रम विविधतालाई क्याम्पसले आफ्नो शैक्षिक प्रगतिको आधार बनाएको छ । त्रिभुवन विश्वविद्यालयले सीमित विषयहरू अध्यापनका लागि स्वीकृत दिए पनि हाल क्याम्पसले नयाँ व्यावसायिक र रोजगारमुखी विषयहरूको पाठ्यक्रम निर्माण गरी नन् केडिट कोर्सहरू अध्यापन गर्दै आएको छ । विशेष गरी व्यवस्थापन सङ्कायमा मार्केटिङ्ग, वित्त र लेखाविधि जस्ता विषयहरू र मानविकीमा कम्प्युटर, सामाजिक कार्य जस्ता पाठ्यक्रमलाई नन् केडित कोर्सका रूपमा अध्यापन गर्दै आएको छ । विद्यार्थीहरूलाई बजारको माग अनुसारको शिक्षा प्रदान गर्न सकिएको छ । यसले गर्दा विद्यार्थीहरूको रोजगारी सम्भावना बढेको छ ।

शिक्षकहरूको क्षमता अभिवृद्धिलाई पनि क्याम्पसले प्राथमिकता दिएको छ । नियमित रूपमा शिक्षक प्रशिक्षण, सेमिनार र कार्यशाला आयोजना गरी शिक्षण विधि र प्रविधिमा अद्यावधिकता ल्याउने प्रयास गरिएको छ । यसले शिक्षकहरूको पेशागत क्षमता बढाउन मात्र होइन, विद्यार्थीहरूको सिकाइ अनुभवलाई पनि समृद्ध बनाएको छ ।

विश्वशान्ति चिरन मिलन क्याम्पसले विद्यार्थी संख्या, शैक्षिक नतिजा, पाठ्यक्रम विविधता र शिक्षक विकासका क्षेत्रमा गरेको प्रगतिले यसलाई उच्चशिक्षाको एक प्रमुख केन्द्र बनाउन सफल भएको छ । यसको यो यात्रा निरन्तरता पाउँदै गएको छ र भविष्यमा पनि यसले उच्च शिक्षाको क्षेत्रमा नयाँ मानक स्थापना गर्ने अपेक्षा गरिएको छ ।

विद्यार्थी संख्या (कक्षा अनुसार)

स्नातकमा अध्ययनरत विद्यार्थीहरूको लिङ्गत तथा सामाजिक समूहका आधारमा विश्लेषण

| कार्यक्रम | लिङ्ग | दलित | जनजाति | मधेसी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| बिए | स्त्री | ६ | ४२ | ३ | ३५ | ८६ |
| बिए | पुरुष | ३ | १० | ० | १३ | २६ |
| बिबिएस | स्त्री | १२ | ४६ | २ | ४२ | १०२ |
| बिबिएस | पुरुष | ३ | २७ | ७ | ३७ | ७४ |
| जम्मा | | २४ | १२५ | १२ | १२७ | २८८ |
| कक्षा ११ | | | | | | ३५ |
| कक्षा १२ | | | | | | ४२ |
| जम्मा | | | | | | ३६५ |

उत्तीर्ण प्रतिशत

| क्रम | तह | परीक्षामा सहभागी जम्मा | उत्तीर्ण सङ्ख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| | मानविकी सङ्काय | | | |
| | प्रथम वर्ष नियमित | २६ | ५ | १९.२३ % |
| | प्रथम वर्ष आंशिक | १७ | ५ | २९.४१% |
| | दोस्रो वर्ष नियमित | १६ | ११ | ६८.७५% |
| | तेस्रो वर्ष नियमित | ३२ | १८ | ५६.२५% |
| | चौथो वर्ष नियमित | २३ | २ | ८.९५% |
| | चौथो वर्ष नियमित | २७ | १५ | ५५.५६% |
| | चौथो वर्ष आंकिक/मौका | ४ | २ | ५०% |
| | जम्मा | १४५ | ५८ | ४०% |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन सङ्काय | | | |
| | प्रथम वर्ष नियमित | ५६ | ९ | १६.७ % |
| | प्रथम वर्ष आंशिक | २७ | १२ | ४४.४४% |
| | प्रथम वर्ष नियमित | ५० | ५ | १० % |
| | प्रथम वर्ष आंशिक | ३४ | १२ | ३३.२९% |
| | दोस्रो वर्ष नियमित | २४ | २ | ८.३३% |
| | दोस्रो वर्ष आंशिक | २३ | ७ | ३०.४७% |
| | तेस्रो वर्ष नियमित | | | |
| | तेस्रो वर्ष आंशिक | ५३ | २० | ३७.७४% |
| | चौथो वर्ष नियमित | ४८ | १७ | ३५.४२% |
| | जम्मा | ३१५ | ८४ | २६.६६% |
| | दुवै सङ्कायको | ४६० | १४२ | ३०.८६% |

### ३.२ सञ्चालित कार्यक्रम

विश्वशान्ति चिरन मिलन क्याम्पसले विगत २०६२/२०६३ सालदेखि व्यवस्थापन तथा मानविकी सङ्कायका अन्तर्गत बिबिएस (BBS) र बिए (BA) तहका चार वर्षे कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस क्याम्पसले व्यावसायिक शिक्षा (BBS) मा आधारभूत व्यवसाय प्रशासन, लेखा, अर्थशास्त्र, बजार व्यवस्थापन, कर तथा वित्तीय प्रबन्धन जस्ता विषयहरू समावेश गरेका छन् भने मानविकी सङ्कायमा अँग्रेजी, नेपाली, समाजशास्त्र, पत्रकारिता, ग्रामीण विकास जस्ता विषयहरू पढाइन्छन् । यी विषयहरूले विद्याथीहरूलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक क्षमतासम्पन्न बनाउन मद्दत गर्छन् ।

BBS कोर्सले विद्याथीलाई व्यावसायिक जगत्का लागि तयार पार्ने उद्देश्य राखेको छ । पहिलो वर्षमा व्यवसाय अँग्रेजी, सांख्यिकी, लेखा, प्रबन्धनका सिद्धान्त जस्ता आधारभूत विषयहरू पढाइन्छ भने दोस्रो र तेस्रो वर्षमा विपणन, वित्त, कर, व्यवसाय कानुन जस्ता विषयहरू समावेश गरिएका छन् । चौथो वर्षमा विद्याथीले आफ्नो

रुचिअनुसार लेखा, वित्त, प्रबन्धन वा विपणनमा विशेषज्ञता हासिल गर्न सक्छन् यसले गर्दा उनीहरूले रोजगारी बजारमा प्रतिस्पर्धात्मक फाइदा लिन सक्छन् ।

बिए (BA) कोर्सले सामाजिक विज्ञान, मानविकी र सञ्चार जस्ता विषयहरूमा ज्ञान प्रदान गर्दछ । यसले विद्यार्थीहरूलाई सरकारी तथा गैर-सरकारी संस्था, मिडिया, शिक्षण, सामाजिक अनुसन्धान जस्ता क्षेत्रहरूमा कार्य गर्न सक्षम बनाउँछ ।

त्रिविका पाठ्यक्रमबाहेक नन्क्रेडिट कोर्स अन्तर्गत बेसिक कम्प्युटर शिक्षा र रोजगारी सम्बन्धी मन्टेस्वरी कोर्सहरूले विद्यार्थीहरूलाई प्राविधिक कौशलसँगै जोड्न मद्दत गर्दछ । यस्ता सिपमूलक पाठ्यक्रमसमेत क्याम्पसले सञ्चालन गर्दै आएको छ ।

यी विषयहरूले विद्यार्थीको रोजगारीमा सकारात्मक प्रभाव पार्न सक्छन् । BBS गरेका विद्यार्थीहरू बैंक, वित्तीय संस्था, कम्पनी व्यवस्थापन, लेखा तथा कर क्षेत्रमा रोजगारी पाउन सक्छन् भने BA गरेका विद्यार्थीहरू शिक्षण, सामाजिक सेवा, पत्रकारिता, सरकारी नोकरी जस्ता क्षेत्रहरूमा अवसर पाउँछन् तर, नेपालको रोजगारी बजारमा प्रायोगिक कौशलको अभाव, शिक्षा र रोजगारीबिचको अन्तर तथा निजी क्षेत्रको सीमित अवसरले गर्दा धेरै विद्यार्थीहरूले आफ्नो योग्यताअनुसार रोजगारी पाउन असमर्थ हुँदै आएका छन् । यसका लागि क्याम्पसले उद्यमशिलता, इन्टर्नसिप, कार्यशाला जस्ता कार्यक्रमहरू थप गर्दै लैजानुपर्छ भने सरकारले पनि शिक्षा र रोजगारबिच सामञ्जस्य बढाउने नीति ल्याउन आवश्यक छ ।

यसरी, विश्वशान्ति चिरन मिलन क्याम्पसले सञ्चालन गरेका विषयहरूले विद्यार्थीहरूलाई ज्ञानवर्धन गराउन मद्दत गरे पनि रोजगारीको दृष्टिकोणले यसले प्रभावकारी हुन सकेको देखिँदैन । यसलाई सुधार्न आधुनिक शिक्षण विधि, उद्योगसँगको सहकार्य र प्राविधिक शिक्षालाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

## ४. क्याम्पसले २०८१ सालमा गरेका महत्त्वपूर्ण उपलब्धिहरू

आ.व. २०८१/०८२ साल यस क्याम्पसका लागि उल्लेख्य उपलब्धिहरूले भरिएको एक महत्त्वपूर्ण वर्ष रह्यो । शैक्षिक गुणस्तरमा सुधार, भौतिक पूर्वाधारको विस्तार, डिजिटलाइजेसन, अनुसन्धान, अन्तर्राष्ट्रिय सहयोग, र समाजसेवा जस्ता क्षेत्रहरूमा क्याम्पसले ठुला ठुला कदम चालेको थियो । यी सबै कार्यहरू क्याम्पसको दीर्घकालीन लक्ष्यहरूसँग जोडिएका थिए र शैक्षिक वातावरणलाई अझ गुणात्मक बनाउन केन्द्रित थिए । यस

प्रतिवेदनमा २०८१ सालमा सम्पन्न विविध गतिविधिहरूको विस्तृत विवरण, उपलब्धिहरू र भविष्यका लागि सुझाव समावेश गरिएका छन् ।

## ४. १. शैक्षिक गुणस्तर अभिवृद्धि

### ४.१.१ डिजिटल शिक्षण सामग्रीको विस्तार

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशको रु. ५०००००। (पाँच लाख) आर्थिक सहयोगमा स्मार्टबोर्ड, ल्यापटप, सिसि क्यामरा र डिजिटल हाजिरी प्रणाली जस्ता आधुनिक उपकरणहरू खरिद गरियो । यसले शिक्षण प्रक्रियालाई अधिक व्यावहारिक र इन्टरएक्टिब बनाउन मद्दत गऱ्यो । स्मार्टबोर्डको प्रयोगले शिक्षकहरूलाई दृश्यश्रव्य सामग्रीबाट विद्याथीहरूलाई जोड्न सजिलो भयो भने डिजिटल हाजिरी प्रणालीले शिक्षक, कर्मचारीहरूको उपस्थिति रेकर्ड गर्ने कार्यलाई पारदर्शी बनायो । यसबाट शैक्षिक प्रशासनमा पनि सुविधा भएको छ ।

### ४.१.२ डिजिटलाइजेसन र अनुसन्धान

डिजिटलाइजेसनको तीन फेजका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भए । यसअन्तर्गत शिक्षक तथा कर्मचारीहरूलाई डिजिटल साधनहरूको प्रयोगबारे प्रशिक्षण दिइयो । साथै, क्याम्पसको वेबसाइटलाई अद्यावधिक गरी सूचना प्रवाहमा सुधार गरियो ।

### ४.१.३ अन्तर्राष्ट्रिय सम्मेलन

२०८१ फागुन २३ र २४ मा बुढानीलकण्ठ नगरपालिकाको सभाहलमा दुई दिवसीय दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरियो । यस सम्मेलनमा विभिन्न देशका शिक्षाविद्हरूले शैक्षिक नवीनता, अनुसन्धान र शिक्षण पद्धतिहरूमा आधारित प्रस्तुतीहरू दिएका थिए । यसले क्याम्पसको अन्तर्राष्ट्रिय पहिचान बढाउन मद्दत गर्यो । त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा क्याम्पस प्रमुख नेत्रप्रसाद न्यौपाने सहभागी हुनुभयो । उहाँले क्याम्पसले गरेका शैक्षिक सुधारका कार्यहरूसँग अन्तर्राष्ट्रिय शिक्षाविद्हरूलाई परिचित गराउनुभयो ।

बाम्सोमदेज चोप्राया राजभाट विश्वविद्यालयको चार दिवसीय अन्तर्राष्ट्रिय सम्मेलनमा क्याम्पस प्रमुखले नेपाली शिक्षा प्रणालीको प्रतिनिधित्व गर्नुभयो । यसबाट क्याम्पसले अन्तर्राष्ट्रिय सहयोगका लागि नयाँ द्वार खोल्यो ।

शिक्षकहरूलाई अनुसन्धानमा सहजीकरण गर्न एक दिने प्रशिक्षण कार्यक्रम आयोजना गरियो । यसबाट शिक्षकहरूले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतीकरणका बारेमा जानकारी प्राप्त गरे ।

थाइल्याण्डको क्रिक विश्वविद्यालयसँग अनुसन्धान र सहकार्यका लागि सम्झौता भयो । यसबाट विद्यार्थी तथा शिक्षकहरूले आपसमा अनुसन्धान सामग्री तथा जानकारी आदानप्रदान गर्न पाउने छन् ।

### ४.१.४ पुस्तकालय विकास

विद्यार्थीहरूको अध्ययन सहजीकरणका लागि करिब रु. १,५०,०००/ को पाठ्यपुस्तक तथा सहयोगी पुस्तकहरू खरिद गरियो । यसले विद्यार्थीहरूको अध्ययनमा आवश्यक सामग्री उपलब्ध गरायो ।

त्रिविभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयसँगको सम्झौताअनुसार इ-लाइब्रेरी सुविधा सुरु भयो, जसलाई हाल २२ जना शिक्षक तथा कर्मचारीले प्रयोग गर्न गरिरहेका छन् । यसबाट अनलाइन पुस्तक, जर्नल र अनुसन्धान सामग्रीहरूमा पहुँच बढ्यो ।

### ४.१.५ शान्ति जर्नल र प्रकाशन

शान्ति जर्नल नियमित रूपमा प्रकाशित भएको छ, जसले शैक्षिक अनुसन्धानलाई प्रोत्साहन दिइरहेको छ । यस जर्नलमा शिक्षक तथा विद्यार्थीहरूले आफ्ना गहन र जर्नलको नियममुताबिक अनुसन्धानपत्र प्रकाशित गर्न पाउने छन् ।

### ४.१. ६ गुणस्तर सुधारका लागि क्यूएएका कार्यक्रम

विश्वविद्यालय अनुदान आयोगको नीतिनिर्देशनमा आधारित गुणस्तर सुनिश्चितता प्रत्यायन प्रक्रियामा विगत २०७६ सालदेखि निरन्तर रूपमा क्याम्पसले सक्रियता जनाउँदै आएको छ । २०७६ सालमा LOI प्राप्त गरे पनि कोभिड १९ का कारण समयावधिभित्र SSR को काम गर्न सकिएन र पुनः २०७८ सालमा LOI नवीकरण गरी २०७९ पुस महिनामा पहिलो चरणको SSR सम्पन्न गरी विश्वविद्यालय अनुदान आयोगमा बुझाएका थियौं । २०७९ चैत्रमा विश्वविद्यालय अनुदान आयोगबाट SSR परिमार्जन गरी बुझाउन सुझाव प्राप्त भएको थियो । सोही सुझाबअनुसार पटक पटक परिमार्जन गरी बुझाएपछि हाल SSR स्वीकृत भएको अवस्थामा छ

। क्याम्पस अनुगमनका लागि PRT समेत गठन भइसकेको छ । त्यसको तयारीमा क्याम्पस सक्रिय रहेको छ ।

क्यूएए प्रकियालाई निरन्तरता दिन क्याम्पसभित्र रहेका दैनिक जनशक्तिहरूबिच कार्यविभाजन गरी विभिन्न क्षेत्रमा निरन्तर काम भइरहेको छ । जसअन्तर्गत क्यूएए प्रकियाका लागि सहजीकरण गर्न केही समितिहरू परिमार्जन गरी समितिको संख्या घटाइएको छ । सबै समितिले आआफ्नो जिम्मेवारीक कार्यहरू गर्दै आएका छन् ।

## ४.२. भौतिक पूर्वाधार विकास

### ४.२.१ भवन निर्माण

कामपा ३ को ८० लाख आर्थिक सहयोगमा एक कार्यक्रम हल र ४ कोटा भवन निर्माण कार्य हाल सम्पन्न भएको छ । यसले क्याम्पसको भौतिक क्षमता बढाउने छ र विद्यार्थीहरूका लागि अझ राम्रो शैक्षिक वातावरण तयार हुने छ । साथै कार्यक्रमहरू सम्पन्न गर्न सभाहलको प्रयोगले अझ बढी प्रभावकारी हुने छ ।

क्यान्टिनलाई भाडाको स्थलबाट स्थानान्तरण गरी आफ्नै भवनमा स्थापना गरिएको छ र यो हाल सञ्चालनमा रहेको छ । यसबाट विद्यार्थी तथा कर्मचारीहरूलाई खाजाका लागि सस्तो र स्वच्छ खानेकुरा पाउने सुविधा प्राप्त भएको छ ।

### .४.२.२ उपकरण मर्मत र खरिद

क्याम्पसमा रहेका उपकरणहरूको मर्मत सम्पन्न गरियो । यसले उपकरणहरूको आयु बढाउन मद्दत गर्‍यो र कक्षा सञ्चालनमा निर्बाधता ल्यायो ।

विश्वविद्यालय अनुदान आयोगको रु. २,५०,०००। अनुदानबाट क्याम्पसलाई आवश्यक उपकरणहरू खरिद गरियो । यसले प्रयोगात्मक कक्षाहरूको स्तर र क्याम्पसका प्रशासनिक क्षेत्रमा सहयोग पुगेको छ । त्यसै गरी बागमती प्रदेश सरकारको सहयोगमा रु. ५ लाख रुपैंया अनुदान प्राप्त भएको थियो, जसबाट स्मार्ट बोर्ड, सिसि क्यामरा, ल्यापटप, डिजिटल शिक्षक हाजिरी जस्ता उपकरणहरू खरिद गरिएका छन् ।

### ४.३. अतिरिक्त क्रियाकलापहरू

४.३.१ सांस्कृतिक कार्यक्रम

असार १५ मा दही-चिउरा कार्यक्रम आयोजना गरिएको थियो । उक्त दिनलाई धान दिवसका रूपमा मनाइयो । यसबाट नेपाली संस्कृतिको संरक्षण र सम्वर्धन भएको छ ।

गुरुपूर्णिमा, तिज, दशैं, र दिपावलीजस्ता चाडपर्वमा विशेष कार्यक्रमहरू सम्पन्न भए । यी कार्यक्रमहरूले विद्यार्थी, शिक्षक र कर्मचारीहरूबिच सौहार्दता, आत्मीयता र सांस्कृतिक पक्ष सुदृढ बन्न पुग्यो ।

विद्यार्थी, शिक्षक र कर्मचारीहरूको संयुक्त वनभोज कार्यक्रम आयोजना गरियो । यसबाट क्याम्पसको सामूहिक एकतामा सकारात्मक प्रभाव पर्‍यो ।

### ४.३.२ खेलकुद र मनोरञ्जन

विद्यार्थीहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद सप्ताह आयोजना गरिएको थियो, जसमा विजेताहरूलाई पदक, मेडल र प्रमाणपत्र वितरण गरियो । यसले विद्याथीहरूमा टीम भावना र स्वस्थ प्रतिस्पर्धाको विकास गर्‍यो ।

### ४.३.३ शैक्षिक भ्रमण र प्रशिक्षण

विद्याथीहरूका लागि शैक्षिक भ्रमण कार्यक्रम आयोजना गरियो । यसबाट विद्यार्थीहरूले प्रत्यक्ष अनुभवबाट ज्ञान अर्जन गरे ।

एडुलाइफ संस्थाद्वारा यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि कम्प्युटर तालिम कार्यक्रम सञ्चालन गरेको थियो । यसले विद्यार्थीहरूको प्राविधिक सिपलाई विकास गर्‍यो ।

### ४.३ समाज केन्द्रित कार्यक्रम

### ४.३.१ स्वास्थ्य शिविर र सरसफाइ

विद्यार्थी, अभिभावक र स्थानीय समुदायका लागि स्वास्थ्य शिविर सञ्चालन गरियो । यसबाट समुदायमा स्वास्थ्यचेतना बढ्यो र यसबाट विद्यार्थी, अभिभावक र समुदायले स्वास्थ्य परामर्श लाभ प्राप्त गरे ।

मंसिर १४ मा सरसफाइ कार्यक्रम आयोजना गरिएको थियो । यसले क्याम्पस र यसको वरिपरिको वातावरणलाई स्वच्छ बनाउन मद्दत गर्‍यो ।

### ४.३.२ छात्रवृत्ति र पुरस्कार

**वर्तमान अवस्थामा यस क्याम्पसका विद्यार्थीहरूमध्ये निम्न निम्न शीर्षकमा छात्रवृत्ति प्राप्त गरेका छन् :**

| क्रम | छात्रवृत्तिको नाम | विद्यार्थी संङ्या | छात्रवृत्तिको प्रकार |
|---|---|---|---|
| १ | विश्वविद्यालय अनुदान आयोगबाट | ३ | पूर्ण छात्रवृत्ति |
| २ | केशव लोहनी छात्रवृत्ति | १ | पूर्ण |
| ३ | सीताकुमारी लोहनी छात्रवृत्ति | १ | पूर्ण |
| ४ | स्व.कृष्णप्रसाद सिंखडा छात्रवृत्ति | १ | पूर्ण |
| ५ | विष्णु कृषादेवी श्रेष्ठ प्रतिभा पुरस्कार | ४ | आंशिक |
| ६ | विश्वशान्ति सर्वोत्कृष्ट छात्रवृत्ति | ८ | पूर्ण |
| ७ | दलित, मधेसी, जनजाति तथा सीमान्तकृति क्षेत्रका लागि छात्रवृत्ति | ४० | आंशिक |
| | जम्मा | ५८ | |

तामाङ पत्रकार सङ्घ काठमाडौँसँगको सम्झौताअनुसार तामाङ समुदायबाट पत्रकारिता विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने सम्झौता गरियो । यसले आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्न सहयोग पुग्ने छ ।

विश्वविद्यालय अनुदान आयोग र शिक्षा विकास निर्देशनालय बागमती प्रदेशबाट छोरीबुहारी छात्रवृत्तिका लागि सहजीकरण गरिएको छ ।

क्याम्पसले विभिन्न तहका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार र छात्रवृत्ति वितरण गरेको छ। यसले विद्यार्थीहरूलाई अझ मेहनत गर्न प्रेरित गर्‍यो ।

## ४.४ विद्यार्थी केन्द्रित कार्यक्रम

### ४.४.१ शैक्षिक सहयोग

अतिथि प्राध्यापक जीबी हमालद्वारा परीक्षा केन्द्रित अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । यसबाट विद्यार्थीहरूले परीक्षाको तयारीका लागि आवश्यक सिपहरू सिक्ने अवसर प्राप्त गरे ।

### ४.४.२ क्वालिटी सर्कल र छात्र सहभागिता

विद्यार्थी क्वालिटी सर्कल पुनर्गठन गरिएको छ। यसबाट विद्यार्थीहरूले क्याम्पसको गतिविधिहरूमा सहभागी हुन पाएका छन् ।

विद्यार्थीहरूका लागि सरकारले उपलब्ध गराउने विद्युतीय चुह्लोका लागि सिफारिस गरिएको छ । यसले विद्यार्थीहरूको करियर निर्माण तथा आर्थिक पक्षमा सहयोग पुगेको छ ।

### ४.५ सामुदायिक सहभागिता

विश्वशान्ति चिरन मिलन क्याम्पसको चौथो क्याम्पससभा सम्पन्न

विश्वशान्ति चिरन मिलन क्याम्पसको चौथो वार्षिक सभा सफलतापूर्वक सम्पन्न भएकोमा यो प्रतिवेदन तयार गरिएको छ । क्याम्पस सभाका अध्यक्ष तथा क्याम्पस सञ्चालक समितिका अध्यक्ष डा. शम्भुराम सिंखडाको अध्यक्षतामा सभा सुरुवात भएको थियो ।

सभामा क्याम्पस संरक्षण समितिका अध्यक्ष दमननाथ ढुङ्गाना, कामपा ३ का वडाध्यक्ष श्री प्रेम थापा, बागमती प्रदेशका पूर्व सभा सदस्य दिपक निरौला र नारायण सिलवाल, सञ्चालक समितिका सदस्यज्यूहरू, संरक्षण समितिका सदस्यज्यूहरू, सल्लाहकार समितिका सदस्यज्यूहरू, आजीवन सदस्यज्यूहरू, आवधिक सदस्यज्यूहरू, क्याम्पस प्रमुख नेत्रप्रसाद न्यौपाने, शिक्षक प्रतिनिधि, सम्पूर्ण प्राध्यापक तथा कर्मचारी वर्ग, पूर्व विद्यार्थी समाजका अध्यक्ष र विद्यार्थी क्वालिटी सर्कलका अध्यक्षसहित, अभिभावक, प्राध्यापक र प्रतिनिधि विद्यार्थीहरू उपस्थित रहेका थिए ।

४.५.१ सभाबाट पारित निर्णयहरू :

क्याम्पस प्रमुख नेत्रप्रसाद न्यौपानेबाट प्रस्तुत तथा सञ्चालक समितिबाट पारित विश्वशान्ति चिरन मिलन क्याम्पसको वार्षिक प्रगतिप्रतिवेदन २०८०/२०८१ लाई उपस्थित क्याम्पस सभाबाट सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरियो ।

लेखापरीक्षक श्रीराम शर्माबाट तयार भई सञ्चालक समितिबाट स्वीकृत आ.व. २०८०/२०८१ को वार्षिक लेखापरीक्षण प्रतिवेदनलाई क्याम्पस सभाबाट अनुमोदन गरियो ।

आ.व. २०८१/२०८२ को अनुमानित आयव्यय विवरणमाथि विशेष छलफल गरी सञ्चालक समितिबाट स्वीकृत भएको उक्त विवरणलाई सभाबाट करतलध्वनिका साथ सर्वसम्मत रूपमा अनुमोदन गरियो ।

क्याम्पस प्रमुखबाट प्रस्तुत गरिएको क्याम्पसका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनामाथि विशेष छलफल गरी अल्पकालीन योजनामा आवश्यक विषयहरू थप गर्दै त्यसलाई प्रभावकारी बनाउन, क्यूएए प्रक्रियाका लागि आवश्यक अल्पकालीन योजनालाई प्राथमिकताका साथ सम्पन्न गर्न र मध्यकालीन तथा दीर्घकालीन योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न क्याम्पस सभाका सदस्य, सञ्चालक समिति तथा क्याम्पस प्रशासनलाई सक्रिय रहने निर्णय सर्वसम्मत रूपमा पारित भयो ।
आ.व. २०८१/२०८२ का लागि लेखापरीक्षकका रूपमा प्रस्तावित उम्मेदवारहरूमध्ये विष्णु ज्ञवालीलाई नियुक्त गर्ने तथा पारिश्रमिकको रकम विगतका वर्ष झैँ दिने निर्णय भयो ।

क्याम्पस क्यूएए प्रक्रियामा रहेकाले त्यसका निम्ति आवश्यक पर्ने सम्पूर्ण नीतिगत निर्णय, विधान संशोधन, प्राध्यापक तथा कर्मचारी व्यवस्थापनलगायतका कार्यहरू क्याम्पसको विधान र नीतिनिर्देशिकामा केन्द्रित रहेर कार्यसम्पन्न गर्न क्याम्पस सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।
यस प्रकारले विश्वशान्ति चिरन मिलन क्याम्पसको चौथो क्याम्पस सभा उपस्थित सबैको सहभागिता र सहयोगमा सफलतापूर्वक सम्पन्न भयो ।

## ५.समस्या र चुनौतीहरू

विश्वशान्ति चिरन मिलन क्याम्पस एक शैक्षिक संस्थाको रूपमा विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि प्रतिबद्ध हुन सक्छ । तथापि नेपालका अधिकांश शैक्षिक संस्थाहरूले विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्नु पर्ने हुन्छ र यो क्याम्पस पनि त्यसबाट अलग हुन सकेको छैन । यहाँ उक्त क्याम्पसका सम्भावित शैक्षिक, आर्थिक र प्रशासनिक समस्याहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :
नेपालको शैक्षिक परिवेश विविध चुनौतीहरूले घेरिएको छ । विश्वशान्ति चिरन मिलन क्याम्पस जस्ता संस्थाहरूले शिक्षाको गुणस्तरलाई अगाडि बढाउने, आर्थिक रूपले टिकाउ हुने र प्रशासनिक कार्यकहरू सुचारु रूपले चलाउने दबाब सहनुपर्छ । शैक्षिक क्षेत्रमा दिनप्रतिदिन बढ्दो प्रतिस्पर्धा, आर्थिक असमर्थता र जटिल प्रशासनिक प्रक्रियाहरूले संस्थाहरूको विकासमा बाधा पुर्‍याउने गर्दछन् । यी समस्याहरू एक-अर्कासँग जोडिएका हुन्छन् । उदाहरणका लागि, आर्थिक अभावले गुणस्तरीय शिक्षण सामग्री र स्रोतहरू किन्न सक्दैन भने शैक्षिक प्रदर्शनमा असर पर्छ, जसले गर्दा विद्यार्थीको संख्या घट्छ र आय स्रोत सीमित हुन्छ । यसैगरी, प्रशासनिक कमजोरीले

संस्थाको दैनिक कार्यहरू प्रभावित गर्दै सम्पूर्ण सञ्चालन प्रणालीलाई नै अवरुद्ध गर्न सक्छ। त्यसैले, यी तीनवटै क्षेत्रमा समस्याहरूको पहिचान गरी समाधान खोज्नु संस्थाको सफलताका लागि अत्यावश्यक हुन्छ।

क्याम्पसले सामना गरेका समस्याहरू (बुँदागत रूपमा)

**५.१. शैक्षिक समस्याहरू**

५.१.१ आधुनिक तथा व्यावहारिक ज्ञानसँग तालमेल नराख्ने पुरानो पाठ्यक्रम,

५.१.२ शिक्षकहरूमा तालिम, अनुसन्धानको कमी,

५.१.३ पुस्तकालय, प्रयोगशाला, कम्प्युटर ल्याब जस्ता आधारभूत संरचनाको कमीले गर्दा अपर्याप्त शैक्षिक स्रोतसाधनको अवस्थ,

५.१.४ परम्परागत शिक्षामा मात्र केन्द्रित हुनु, व्यावसायिक र प्राविधिक शिक्षालाई प्राथमिकता नदिइनु,

५.१.५ रटन्ते विद्यामा बढी जोड, सिर्जनशीलता र महत्त्वपूर्ण सोचलाई प्रोत्साहन नदिइनु।

५.२. आर्थिक समस्याहरू

५.२.१ वित्तीय अभाव :

-संस्था चलाउनका लागि अपर्याप्त बजेट, आयका सीमित स्रोतहरू (विद्यार्थी शुल्कमा मात्र निर्भरता,

-विद्यार्थीहरूबाट शुल्क तिर्न ढिलाइ वा नतिर्ने समस्या,

-आर्थिक रूपमा कमजोर तर मेधावी विद्याथीहरूलाई सहयोग गर्ने व्यवस्थाको अभाव,

-आधारभूत संरचना विकासमा लगानीको कमी (भवन निर्माण, सुविधा विस्तार र जनशक्तिका लागि पूँजीको अभाव)

-दातृ निकाय, सामाजिक संस्था वा पूर्वविद्याथीहरूबाट आर्थिक सहयोग प्राप्त नहुनु आदि

५.३. प्रशासनिक समस्याहरू

-दीर्घकालीन योजना बनाउने तर कार्यान्वयन गर्न नसक्ने समस्या,

-शिक्षक तथा कर्मचारीहरूमा नियमित प्रशिक्षणको व्यवस्था नहुनु,

-प्रशासनिक कार्यहरूमा म्यानुअल प्रक्रियामा निर्भर रहनु, डिजिटलाइजेशनमा ढिलाइ,

-सहभागितामूलक निर्णयमा कार्यान्वयनको अभाव,

-शिक्षक तथा कर्मचारीहरूमा जवाफदेहिताको कमी

-नियमित रूपमा अभिभावक-शिक्षक बैठक नहुनु, विद्यार्थीहरूको समस्यासम्बन्धी प्रतिक्रिया लिने औपचारिक प्रणालीको कमी ।

## ६. समाधानका उपायहरू

विश्वशान्ति चिरन मिलन क्याम्पसले सामना गरेका शैक्षिक, आर्थिक र प्रशासनिक समस्याहरू एक-अर्कासँग गाँसिएका छन् र एउटाको समाधानले अर्कोलाई सकारात्मक रूपमा प्रभाव पार्छ । यी जटिल चुनौतीहरूको सामना गर्न एकीकृत, दीर्घकालीन र व्यावहारिक रणनीति अपनाउनु आवश्यक छ । समाधानको केन्द्रमा गुणस्तरीय शिक्षालाई प्रवर्धन गर्ने, आयका बैकल्पिक स्रोत सिर्जना गर्ने र प्रशासनलाई पारदर्शी र कार्यक्षम बनाउने उपायहरू हुन् । साथै समुदाय, अभिभावक तथा पूर्वविद्यार्थीहरूको सहभागितालाई बढावा दिई संस्थालाई एक सामूहिक उपक्रमको रूपमा विकास गर्ने दृष्टिकोण अपनाउनु जरुरी छ । नवीनतम प्रविधिको उपयोग गरी कार्यप्रणालीलाई डिजिटलाइज गर्नुले प्रशासनिक कार्यहरू मात्र होइन, शैक्षिक प्रक्रियालाई पनि सहज बनाउँछ । यसरी समग्र रूपमा सुधार गर्न सकिएमा नै क्याम्पसले आफ्नो शैक्षिक उद्देश्य पूरा गर्ने आर्थिक स्थिरता कायम गर्ने र एक आदर्श शैक्षिक संस्थाको रूपमा स्थापित हुन सक्छ ।

### ६.१. शैक्षिक समस्याहरूको समाधान

**६.१.१ पाठ्यक्रम अद्यावधीकरण :**

रोजगारीमूलक तथा व्यावहारिक ज्ञानसँग जोड्ने गरी अतिरिक्त पाठ्यक्रमलाई नियमित रूपमा अध्यापन गर्ने

**६.१.२ शिक्षक विकास कार्यक्रम :**

शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, वर्कसप र अनुसन्धानलाई प्रोत्साहन दिने,

**६.१.३ स्रोतसाधनको उन्नयन** :

पुस्तकालयलाई डिजिटलाइज गर्ने, प्रयोगशाला तथा कम्प्युटर ल्याबहरूलाई आधुनिकीकरण गर्ने निजी तथा सार्वजनिक सहभागिता बढाउने,

**६.१.४ सिर्जनशील शिक्षण विधि** :

विद्यार्थी केन्द्रित शिक्षण, समूहकार्य, संवाद र प्रोजेक्टमा आधारित शिक्षण प्रक्रियालाई समावेश गर्ने ।

**६.२. आर्थिक समस्याहरूको समाधान**

**६.२.१ आयका बैकल्पिक स्रोत सिर्जना :**

सामुदायिक सेवा, सिमिनार, कार्यशाला आयोजना र परीक्षा केन्द्रको रूपमा संस्थाको प्रयोग गरेर आय आर्जन गर्ने,

**६.२.२ पारदर्शी शुल्क नीति :**

किस्तामा शुल्क तिर्ने सुविधा, छुटको व्यवस्था र पारदर्शी लेखाप्रणाली कायम गर्ने,

**६.२.३ छात्रवृत्ति कोष स्थापना** :

व्यवसायीहरू, पूर्वविद्यार्थीहरू र सामुदायिक सहयोगबाट छात्रवृत्ति कोष स्थापना गरी मेधावी तथा आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई सहयोग गर्ने

**६.२.४ बाह्य सहयोग आर्जन** :

दातृ निकाय, गैर(सरकारी संस्थाहरूसँग सम्बन्ध कायम गरी परियोजना आधारमा अनुदान प्राप्त गर्ने ।

**६.३. प्रशासनिक समस्याहरूको समाधान :**

**६.३.१ रणनीतिक योजना तथा कार्यान्वयन :**

स्पष्ट लक्ष्य र समयसीमा तोकेर योजना बनाउने र नियमित अनुगमन गर्ने,

**६.३.२ कर्मचारी विकास र पारदर्शिता :**

शिक्षक तथा कर्मचारीहरूको नियमित प्रदर्शन मूल्याङ्कन गर्ने र पारदशी रूपमा योग्यतामा आधारित नियुक्ति गर्ने,

**६.३.३ डिजिटलाइजेशन :**

प्रशासनिक कार्य, उपस्थिति, शुल्क सङ्ग्रह र जानकारी प्रवाहलाई कम्प्युटराइज्ड सिस्टममा ल्याउने,

**६.३.४ सहभागितामूलक निर्णय प्रक्रिया :**

शिक्षक, कर्मचारी र अभिभावक प्रतिनिधिहरू समावेश गरी समितिहरू गठन गर्ने र निर्णयप्रक्रियामा सहभागीता बढाउने,

**६.३.५ नियमित समन्वय :**

महिनामा एक पटक अभिभावक-शिक्षक बैठक गर्ने र विद्यार्थीहरूबाट फिडब्याक लिने औपचारिक प्रणाली विकास गर्ने ।

**७. भविष्यका योजनाहरू**

विश्वशान्ति चिरन मिलन क्याम्पसले आधुनिक शैक्षिक आवश्यकतालाई पूरा गर्दै उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने एवं एक आदर्श शैक्षिक संस्थानको रूपमा सुविचारित भावी योजनाहरू तयार पार्नु आवश्यक छ । यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएको छ । क्याम्पसको प्रमुख दीर्घकालीन लक्ष्य विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर आश्वासन (Quality Assurance and Accreditation ( QAA) प्रमाणीकरण प्राप्त गर्नु हो, जसले गर्दा यसको शैक्षिक गुणस्तर, प्रशासनिक सक्षमता र संस्थागत साख राष्ट्रियस्तरमा मान्यता प्राप्त हुने छ । यस महत्त्वाकाङ्क्षी लक्ष्यलाई केन्द्रमा राखेर भौतिक पूर्वाधारको विस्तार र आधुनिकीकरण, डिजिटल प्रविधिको समावेश, शिक्षक क्षमता विकास र नयाँ रोजगारमूलक पाठ्यक्रमहरूको सुरुवात जस्ता योजनाहरू बनाउनु जरुरी छ । यी योजनाहरूले क्याम्पसलाई न केवल स्थानीय तहमा एक प्रमुख शिक्षा केन्द्र बनाउने छ, । यसले राष्ट्रिय तहमा पनि एक मानक शैक्षिक संस्थाको रूपमा स्थापित गर्न मद्दत पुऱ्याउने छ । यसरी एक व्यवस्थित योजनाबद्ध तरिकाले अगाडि बढ्दा मात्रै क्याम्पसले आफ्ना विद्यार्थीहरूलाई भविष्यका लागि तयार गर्न सक्ने छ र देशको शैक्षिक परिदृश्य ( landscape) मा आफ्नो महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ ।

**७.१ योजनाहरू**

**अल्पकालीन**

**७.१.१ सिपमा आधारित अतिरिक्त पाठ्यक्रम :**

कम्प्युटर प्रोग्रामिङ, भाषा पाठ्यक्रम (चिनियाँ, कोरियन), ग्राफिक डिजाइन, फोटोग्राफी आदि कोर्सहरू सञ्चालन,

**७.१.२ स्मार्ट कक्षाकोठा निर्माण :**

प्रोजेक्टर, इन्टरनेट र साउन्ड सिस्टमयुक्त आधुनिक कक्षाकोठाहरूको निर्माण,

**७.१.३ शिक्षक विकास कार्यक्रम :**

शिक्षकहरूका लागि नियमित प्राविधिक तालिम (Technology Integration), विषयगत पुनःताजगीकरण,

७.१.४ **पारदर्शिता बृद्धि :**

सबै वित्तिय, शैक्षिक र प्रशासनिक जानकारी पारदर्शी रूपमा अनलाइन पोर्टलमा उपलब्ध गराउने,

७.१.५ **उद्योग सङ्गठनहरूसँग सहकार्य :**

विद्यार्थीहरूका लागि इन्टर्नसिप, औद्योगिक भ्रमण (Industrial Visits), र गेस्ट लेक्चर जस्ता कार्यक्रमहरू स्थानीय व्यवसाय र उद्योगहरूसँगको सहकार्यबाट सञ्चालन गर्ने ।

**मध्यकालीन**

**७.२.१ अतिरिक्त (नन्क्रेडिट) पाठ्यक्रम सञ्चलन :**

सूचना प्रविधि (IT), होटल प्रबन्धन, डिजाइनिङ, डिजिटल मार्केटिङ जस्ता व्यावसायिक विषयहरू अतिरिक्त पाठ्यक्रमका रूपमा सञ्चालनको सुरुवात,

**७.२.२ शिक्षण पद्धतिमा सुधार :**

अनलाइन शिक्षण प्लेटफर्म, इ-लर्निङ सामग्री र मल्टिमिडिया प्रयोगलाई नियमित शिक्षणअन्तर्गत ल्याउने,

**७.२.३ प्रयोगशाला अद्यावधीकरण :**

कम्प्युटर विज्ञान र भाषा प्रयोगशाला तथा पत्रकारिता प्रयोगशालाहरूलाई उन्नत उपकरणहरूले सुसज्जित गर्ने,

७.२.४ **पूर्ण डिजिटलाइजेसन :**

प्रशासनिक कार्य, उपस्थिति, शुल्क सङ्ग्रह, ग्रेडिङ प्रणालीलाई एकीकृत सफ्टवेयरमार्फत सञ्चालन गर्ने,

७.२.५ **सहशैक्षिक गतिविधिहरूमा वृद्धि :**

विद्यार्थीहरूको समग्र विकासका लागि क्लब (वादविवाद, साहित्य, विज्ञान), सामाजिक सेवा र राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जस्ता कार्यक्रमहरू वृद्धि गर्ने ।

**दीर्घकालीन**

**७.३.१ QAA प्रमाणीकरण प्राप्ति :**

गुणस्तर आश्वासनका सबै मापदण्डहरू पूरा गर्ने लक्ष्य राखी तयारी कार्यक्रम सञ्चालन,

**७.३.२ व्याख्यान थिएटर निर्माण :**

ठुलो समूहलाई शिक्षण, सेमिनार र वर्कसप आयोजना गर्नका लागि एक आधुनिक व्याख्यान हल निर्माण गर्ने,

**७.३.३ खेलकुद र सांस्कृतिक क्षेत्र विकास :**

विद्यार्थीहरूको शारीरिक र सांस्कृतिक विकासका लागि उपयुक्त मैदान र स्थल विकास,

**७.३.४ नयाँ कार्यक्रम र विषय थप**

स्नातक (Bachelor) तहका प्राविधिक, बजारमुखी, रोजगारमुखी (BCA, BBA, IT जस्ता कार्यक्रमहरू सुरु गरी शैक्षिक दायरा विस्तार गर्ने साथै व्यवस्थापन एवं मानविकी सङ्कायबाट स्नातकोत्तर तह MBS, MA जस्ता कार्यक्रमहरू सम्बन्धन लिई सञ्चालन गर्ने ।

यी योजनाहरूको कार्यान्वयनले विश्वशान्ति चिरन मिलन क्याम्पसलाई नेपालको अग्रणी शैक्षिक संस्थाहरूको पङ्क्तिमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

**८. क्याम्पसका सबल र दुर्बल पक्षहरू**

विश्वशान्ति चिरन मिलन क्याम्पसले आफ्नो स्थापनाकालदेखि नै स्थानीय तहमा शैक्षिक सेवा प्रदान गर्दै आइरहेको छ । यसको प्रमुख सबल पक्ष भनेको स्थानीय समुदायको अपनत्व र सहयोगको मजबुत भावना हो । साथै क्याम्पससँग स्थानीय सरकारद्वारा प्रदत्त भोगाधिका जग्गा र सञ्चालक समितिको सक्रियताले संस्थागत निरन्तरता सुनिश्चित गरेको छ । केही शिक्षक तथा कर्मचारीहरूको एक अथक परिश्रम र निस्वार्थ योगदानका कारण क्याम्पसले पछिल्लो चरणमा उल्लेख्य प्रगति गरेको छ । तर यसका केही गम्भीर दुर्बल पक्षहरू पनि छर्लङ्छ छन् । आधुनिक शिक्षण स्रोतसाधन जस्तै उन्नत प्रयोगशाला, पुस्तकालय, र प्रविधिको अभावले गुणस्तरीय शिक्षणप्रति ठुलो चुनौती रहेको छ । आयका सीमित स्रोत, विद्याथी शुल्मा निर्भरता र बजेट व्यवस्थापनको अपर्याप्तताले आर्थिक दुर्बलता निम्त्याएको छ । साथै शिक्षक कर्मचारी नियुक्ति प्रक्रिया, नियमित प्रशिक्षण र योजनाबद्ध कार्यान्वयनको अभावले प्रशासनिक क्षेत्रमा पनि दुर्बलता देखिन्छ । यी दुर्बलताहरूको समाधान गर्न सकेमा नै क्याम्पसले आफ्ना सबल पक्षहरूलाई पूर्ण रूपमा उपयोग गर्न सक्ने छ ।

**८.१ क्याम्पसका सबल पक्षहरू**

१. स्थानीय समुदाय र अभिभावकहरूको संस्थाप्रतिको गहिरो अपनत्व र सहयोग ।

२. क्याम्पसको आफ्नै भवन र भौतिक जग्गाको उपलब्धता ।

३.गुणस्तर विस्तार र पूर्वाधार विकासका लागि पर्याप्त योजना निर्माण ।

४. केही शिक्षक एवं कर्मचारीहरूको दीर्घकालीन सेवा अनुभव र संस्थासँगको लगाव ।

५. एक समर्पित र सक्रिय सञ्चालक समितिको उपस्थिति ।

६. सानो आकारको संस्था भएकाले सबै विद्यार्थी, शिक्षक र अभिभावकबिच सुमधुर सम्बन्ध ।

७. व्यक्तिगत ध्यान दिन सकिने साना साना कक्षाकोठा ।

८. स्थानीय सरकार (स्थानीय तह) को सहयोग र सहभागिता ।

९. सामुदायिक सहभागितामा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने अनुभव ।

१०. शैक्षिक सत्र (Academic Session) नियमित रूपमा शैक्षिक क्यालेन्डरअनुसार सञ्चालन ।

११. परम्परागत विषयहरूमा पारङ्गत अनुभवी शिक्षकहरूको उपलब्धता ।

१२. क्याम्पसको स्थापनादेखिको दिगो इतिहास र स्थानीय पहिचान ।

१३. सानो संस्था भएकाले निर्णय प्रक्रिया अपेक्षाकृत छिटो हुन सक्ने सम्भावना ।

१४. कम खर्चमा सञ्चालन हुने भएकाले शुल्क संरचना विपन्न र स्थानीयहरूका लागि सहज ।

१५. पूर्वविद्यार्थीहरूसँग सम्पर्क राख्न सकिने समुदाय ।

१६. क्याम्पस सहर केन्द्रित भएकाले विद्यार्थी आवागमनका लागि सहज ।

१७. क्याम्पस क्यूएए प्रक्रियाको अन्तिम चरणतर्फ प्रवेश गरेकाले गुणस्तरीय शैक्षिक संस्थाका रूपमा परिचित ।

### ८.२ क्याम्पसका दुर्बल पक्षहरू

१. आधुनिक शिक्षण साधन जस्तै उन्नत प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब समयानुकूल नहुनु ।

२. आयको मुख्य स्रोत विद्यार्थी शुल्कमा मात्र निर्भरता, आयका वैकल्पिक स्रोतको अभाव ।

३. शिक्षक तथा कर्मचारीहरूमा डिजिटल साक्षरता र आधुनिक शिक्षण प्रविधि प्रयोग गर्ने क्षमताको कमी ।

४. कर्मचारी मूल्याङ्कन र योजना कार्यान्वयनमा प्रशासनिक कमजोरी ।

५. रोजगारमूलक, प्राविधिक र सिपमा आधारित पाठ्यक्रमहरूको अभाव ।

६. मेधावी तथा आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई सहयोग गर्ने पर्याप्त छात्रवृत्ति कोषको अभाव ।

७. अनुसन्धान, प्रकाशन र शिक्षक विकासका लागि पर्याप्त बजेटको कमी ।

८. इ-लर्निङ् प्लेटफर्म, अनलाइन प्रशासन प्रणाली जस्ता सूचना प्रविधि सुविधाको कम प्रयोग ।

९. भौतिक पूर्वाधार (जस्तै : गेट, प्रशोधित खानेपानी, आधुनिक शौचालय) को अपर्याप्तता ।

१०. बजेट योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने वित्तीय व्यवस्थापन क्षमताको अभाव ।

## ९. सुधारका लागि सुझाव

विश्वशान्ति चिरन मिलन क्याम्पस जस्ता सामुदायिक शैक्षिक संस्थाहरूले गरिब तथा निमुखा परिवारका सन्तानहरूलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । यस्ता क्याम्पसहरूको शैक्षिक गुणस्तर बढाउन, विद्यार्थी सङ्ख्या वृद्धि गर्न र विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनका लागि निम्नलिखित व्यवस्थापनका आवश्यक कुराहरू अपनाउनु जरुरी छ :

१०.१ पाठ्यक्रम र शिक्षण विधिमा अद्यावधिकता (Curriculum & Teaching Method Innovation):

परम्परागत शिक्षण विधिभन्दा बाहिर निस्केर आधुनिक तथा व्यावहारिक शिक्षण विधिहरू, जस्तै केस स्टडी, प्रोजेक्ट-बेस्ड लर्निंग, इन्टरएक्टिभ लर्निंग, र डिजिटल टुल्सको प्रयोग गर्नुपर्छ । पाठ्यक्रमलाई अन्तर्राष्ट्रिय मानक (जस्तै सिडब्लुयूआर, ट्यूनिङ) अनुसार अद्यावधिक गरेर रोजगारीको अवसर बढाउने विषयहरू समावेश गर्नुपर्छ ।

१०.२ शैक्षिक मूलभूत संरचना र प्रविधि (Infrastructure & Technology Integration) :

स्मार्ट कक्षा, कम्प्युटर ल्याब, इ-लाइब्रेरी, उच्च-गतिक इन्टरनेट र ई-लर्निङ्ग प्लेटफर्म जस्ता प्रविधिहरूले युवा मनमा आकर्षण बढाउँछ । प्रयोगात्मक शिक्षणलाई बढावा दिन विज्ञान प्रयोगशाला, व्यावसायिक ल्याब र सिमुलेशन सफ्टवेयर जस्ता सुविधा आवश्यक छन् ।

१०.३ विद्यार्थी विकास केन्द्रित सेवाहरू (Student Support Services) :

क्याम्पसले छात्रवृत्ति, इन्टर्नशिप, क्यारियर काउन्सेलिंग, प्लेसमेन्ट सेल र मनोवैज्ञानिक परामर्श जस्ता सेवाहरू प्रदान गर्नुपर्छ। विद्यार्थीहरूको सृजनशीलतालाई बढावा दिन क्लब, सामुदायिक सेवा र प्रतियोगिताहरू आयोजना गर्नुपर्छ ।

१०.४ विपणन र छवि निर्माण (Marketing & Brand Building) :

सोसल मिडिया, वेबसाइट, र स्थानीय मिडियामा क्याम्पसको सफलता, विद्यार्थी उपलब्धि, र सामुदायिक योगदानलाई उजागर गर्नुपर्छ। पूर्व विद्यार्थी संजाल (बीगलष ल्भतधयचप) बिस्तार गरेर उनीहरूको सफलतालाई प्रचार सामग्री बनाउनुपर्छ। सामुदायिक सहभागिता बढाउन ओपन हाउस, एडमिसन कार्यक्रम, र सेमिनार आयोजना गर्नुपर्छ ।

१०.५ अन्तर्राष्ट्रिय सहयोग र सम्बद्धता (International Collaboration & Accreditation) :

विश्वविद्यालयहरूसँग सम्बन्ध कायम गरेर विद्यार्थी र शिक्षक आदानप्रदान, संयुक्त अनुसन्धान जस्ता कार्यक्रम सुरु गर्नुपर्छ । अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न आइएसओ प्रमाणीकरण (ISO Certification) र सम्बन्धित निकायबाट मान्यता लिनुपर्छ । यसले क्याम्पसको विश्वसनीयता बढाउँछ ।

१०.६ आर्थिक स्थिरता र स्रोत विविधीकरण (Financial Sustainability & Resource Diversification) :

मात्र शिक्षण शुल्कमा निर्भर नरही चन्दा, अनुदान, सामुदायिक फण्डमार्फत आयका वैकल्पिक स्रोत सिर्जना गर्नुपर्छ । क्याम्पसका स्रोतहरू कुशलतापूर्वक प्रयोग गर्न पारदशी वित्तीय प्रबन्धन अपनाउनुपर्छ ।

१०.७ गुणस्तर आश्वासन र निरन्तर सुधार (Quality Assurance & Continuous Improvement) :

नियमित रूपमा विद्यार्थी, अभिभावक र शिक्षकबाट फिडब्याक लिएर पाठ्यक्रम र सेवाहरूमा सुधार गर्नुपर्छ । शिक्षकहरूका लागि निरन्तर प्रशिक्षण (Faculty Development Program) आयोजना गर्नुपर्छ ।

विश्वशान्ति चिरन मिलन क्याम्पसले यी रणनीतिहरू कार्यान्वयन गरेमा न केवल शैक्षिक गुणस्तर र विद्यार्थी सङ्ख्या बढाउन सक्छ, र ग्लोबल मार्केटमा पनि आफ्नो स्थान कायम गर्न सक्छ । यसले सामुदायिक शिक्षालाई एक उत्कृष्टतम र प्रतिस्पर्धी मोडेल बनाउन महत्त्वपूर्ण योगदान दिने छ ।

१०. निष्कर्ष

विश्वशान्ति चिरन मिलन क्याम्पसले शैक्षिक सत्र २०८१/०८२ मा उल्लेखनीय प्रगति र उपलब्धिहरू हासिल गरेको छ । क्याम्पसले शैक्षिक गुणस्तरमा सुधार, भौतिक पूर्वाधारको विस्तार, डिजिटलाइजेसन, अनुसन्धान, अन्तर्राष्ट्रिय सहयोग र समाजसेवा जस्ता क्षेत्रहरूमा महत्त्वपूर्ण कदम चाल्दै आफ्नो स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचानलाई बलियो बनाएको छ ।

यस वर्षका प्रमुख उपलब्धिहरू :

१. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि डिजिटल शिक्षण सामग्रीको विस्तार, शिक्षक विकास कार्यक्रम, र अन्तर्राष्ट्रिय सम्मेलनहरूको सफल आयोजना ।

२. भौतिक पूर्वाधार विकासमा नयाँ भवन निर्माण, क्यान्टिन स्थापना र आधुनिक उपकरणहरूको खरिद ।

३. विद्यार्थी केन्द्रित कार्यक्रमहरू जस्तै शैक्षिक भ्रमण, प्रशिक्षण र क्वालिटी सर्कलको सञ्चालन ।

४. सामुदायिक सहभागिता र सफल क्याम्पस सभाको आयोजना ।

क्याम्पसले शैक्षिक (पुरानो पाठ्यक्रम, शिक्षक तालिमको अभाव), आर्थिक (वित्तीय अभाव, आयका सीमित स्रोत), र प्रशासनिक (योजना कार्यान्वयनमा कमजोरी, डिजिटलाइजेशनमा ढिलाइ) जस्ता चुनौतीहरूको सामना गरिरहेको छ ।

यी चुनौतीहरूको समाधानका लागि पाठ्यक्रम अद्यावधीकरण, शिक्षक विकास कार्यक्रम, आयका बैकल्पिक स्रोत सिर्जना, डिजिटलाइजेशन र सहभागितामूलक निर्णय प्रक्रिया जस्ता उपायहरू प्रस्ताव गरिएका छन् ।

क्याम्पसले अल्पकालीन (सिपमूलक पाठ्यक्रम, स्मार्ट कक्षा), मध्यकालीन (अतिरिक्त पाठ्यक्रम, प्रयोगशाला अद्यावधीकरण) र दीर्घकालीन (QAA प्रमाणीकरण, नयाँ कार्यक्रम थप) लक्ष्यहरू तोकेको छ । वार्षिक कार्ययोजना २०८२/०८३ ले यी लक्ष्यहरू प्राप्त गर्नका लागि ठोस रूपरेखा प्रस्तुत गरेको छ ।

क्याम्पसको स्थानीय समुदायको सहयोग, आफ्नै भवन र सक्रिय सञ्चालक समिति जस्ता सबल पक्षहरू रहेका छन् भने आधुनिक शिक्षण साधनको अभाव, आयका सीमित स्रोत र प्रशासनिक कमजोरी जस्ता दुर्बल पक्षहरू पनि रहेका छन् ।

क्याम्पसले पाठ्यक्रम र शिक्षण विधिमा अद्यावधीकता, शैक्षिक मूलभूत संरचना सुधार, विद्यार्थी विकास केन्द्रित सेवाहरू, विपणन र छवि निर्माण, अन्तर्राष्ट्रिय सहयोग, आर्थिक स्थिरता र गुणस्तर आश्वासनलाई प्राथमिकता दिएमा भविष्यमा थप सफलता हासिल गर्न सक्ने छ ।

विश्वशान्ति चिरन मिलन क्याम्पसले सामुदायिक संस्थाको रूपमा आफ्नो भूमिका सफलतापूर्वक निर्वाह गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने, विद्यार्थीरूको सर्वाङ्गीण विकासलाई प्रोत्साहन गर्ने र स्थानीय समुदायसँगको सहकार्यलाई कायम राख्दै उच्च शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिइरहेको छ । भविष्यका लागि तयार पारिएका योजनाहरूको सफल कार्यान्वयनले क्याम्पसलाई नेपालको अग्रणी शैक्षिक संस्थाहरूमध्ये एक बनाउने अपेक्षा छ ।

आदरणीय क्याम्पससभाका अध्यक्षज्यू तथा विद्वत् सभासदस्यहरू !

यस गरिमामय क्याम्पस सभामा प्रस्तुत गरिएको वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२ का सन्दर्भमा यदि सम्मानित सदस्यहरूको कुनै जिज्ञासा नभएमा यस सम्माननीय सभामण्डपबाट यस प्रतिवेदनलाई करतलध्वनिका साथ स्वीकृति प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । आफ्नो मूल्यवान् समय र सकारात्मक सहभागिताका लागि सम्पूर्ण सदस्यहरूप्रति गहिरो आभार व्यक्त गर्दछु ।